नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #८४

२८ भदौ २०७७

| २०७७ बैशाख १ देखि भदौ २७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २५३ | ४९ | १९३ | ३९ | ३६ | ११ | ६१ | ० | २०० | **३५३** | **८५** | **४०४** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ २७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २५१ | ४९ | १९२ | ३६ | ३५ | ९ | ३१ | ० | ८१ | **३१८** | **८४** | **२८२** |
| **२०७७भदौ २७ देखि २८ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | आगलागी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ३ | ० | **३** | ० | ० | **०** | ० | ० | **०** | ३ | ० | **३** |

# दैनिक विपद् बुलेटिन

२७ भदौ विहान१०:००बजेदेखि २८ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **४** स्थानमा **पहिरो, ४** स्थानमा **आगलागी, १** स्थानमा **पाटे बाघको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर **३** जनाको **मृत्यु, ५** जना **घाईते, २३** जना **बेपत्ता** भएका छन् । **आगलागी**का कारण **६ लाख १० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३ | २३ | ९ | ५ | ६,१०,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ९ वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक**को बाह्रबिसे नगरपालिका वडा नं ७ स्थित नाकुचे भन्ने स्थानमा **पहिरो** जाँदा ७ वटा घर बगाएको १६ जना बेपत्ता भएको र बर्ष ६२ की **१ महिलाको शव फेला** । सोही ठाउँको घुम्थाङ भिरखर्कमा समेत पहिरो गई २ वाट घर बगाउँदा ६ जना बेपत्ता भएको र बर्ष २३ की **१ महिलाको शव फेला** साथै केम्बे भन्ने स्थानमा समेत पहिरो गएको । अन्य विवरण आउन बाँकि ।
- **बाग्लुङ**को जैमिनी नगरपालिका वडा नं १ टुनिबोटस्थित एक घर **पहिरो** आई पुरिदा बर्ष ६०।६५ की **१ महिलाको मृत्यु** । जैमिनी नगरपालिका वडा नं ५ बिनामारेस्थित एक घर **पहिरो** आई पुरिदा बर्ष ७०।७५ की **एक महिला** घर भित्र पुरिएको र **१ जना सामान्य घाईते** । अन्य बिस्तृत बिबरण आउन बाँकि ।
- **कास्की**को मादी गाउँपालिका वडा नं ७ सबिस्थित एक कुखुरा फर्मभित्र सुतिरहेको अवस्थामा **१ जनालाई पाटेबाघले** फर्मको तारजाली तोडी भित्र पसी **आक्रमण गर्दा घाईते** ।

## घट्ना सारांश...

- **नवलपरासी पूर्व**को कावासोती नगरपालिका वडा नं १६ स्थित एक घरमा अँगेनोमा आगो सल्काउनको लागी मट्टितेल खन्याउँदा अचानक शरिरमा **आगो सल्किन गई १ जना घाईते** ।
- **सुनसरी**को धरान उपमहानगरपालिका वडा नं १६ पुर्ण मार्गस्थित एक होटलमा ग्यााँस सिलिन्डर लिक भई अचानक **आगलागी** हुँदा **१ जना सामान्य घाईते, ४ लाख रुपैंया** बराबरको क्षति ।
- **काठमाडौं**को कागेश्वरी मनोहरा नगरपालिका वडा नं ९ महानटारस्थित एक घरको भान्सा कोठामा ग्याँस लिक हुन गई अचानक **ग्यास सिलिण्डर बिष्फोट** हुँदा **१ जना घाईते,** घरको भित्ता, झ्याल, सिसा र भाँडावर्तन क्षति ।
- **कञ्चनपुर**को भिमदत्त नगरपालिका वडा नं १३ बडैपुरस्थित एक कच्चि घरमा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा घरभित्र रहेका लत्ताकपडा र घरको आधा छानो जली **१० हजार रुपैंया** बराबरको क्षति ।
- **संखुवासभा**को खाँदबारी नगरपालिका वडा नं १० शुक्रबारेस्थित १० नं. वडा कार्यालय भवनको पूर्व पट्टिको पर्खाल **पहिरो** आई पुरी, भवन भित्र पानी सहितको लेदो पसी **२ लाख रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो, आगलागी र पाटेबाघको आक्रमणमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी र उद्धार कार्य जारी ।

## बाढी पूर्वानुमान

**भदौ-२८ (आईतबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने र सतर्कता तलै हुने तर कोशी र नारायणी जलाधारका केही स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता पुग्ने पूर्वानुमान छ ।**
- **आज पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।आज कन्काई, कमला, बागमती, तिनाउका स-साना नदी जलाधारमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- **आज प्रदेश १ को ईलाम, पाचँथर, ताप्लेजुङ, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, प्रदेश २ को बारा, पर्सा, रौतहट, सर्लाही, सप्तरी, धनुषा, सिराहा, बागमती प्रदेशको दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, काठमाडौं उपत्यका, मकवानपुर, चितवन, गण्डकी प्रदेशको गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्बत, म्याग्दी, बागलुङ, स्याङ्जा, नवलपुर, प्रदेश ५ को परासी, पाल्पा, गुल्मी, दाङ, बाँके, बर्दिया, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, सुदूरपश्चिमको कैलाली, कन्चनपुर र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान छ ।**


  **नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

भदौ २७ गते बिहान ०८:४५ बजे देखि भदौ २८ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/२८ गते बिहान ०८:४५ बजे २०८ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ७४ र स्वचालितः १३४) मा मापन गरिएको वर्षाको विवरण अनुसार १०७ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (१६३.७ मि. मी.) कास्की जिल्लाको लुम्ले केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढी, २ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, ७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, २३ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ५१ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ । सिन्धुपाल्चोक जिल्लाको गुम्थाङ्गमा रहेको केन्द्रमा १४१.२ मि.मी. वर्षा भएको छ भने सो क्षेत्रमा गए राती भेलपहिरो गई धैरै धनजनको नोक्सानी पुगेको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**